नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बाँके, नेपालगञ्ज ।

०८१-५२०१८८
०८१-५२०२९०
Fax : ०८१-५२०६७६

प.सं. :- ०७६/०७७(स्था.प्र.)
च.नं. :- २१४८

मिति:- २०७६/०८/०३

विषयः सूचना पठाएको ।

श्री नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, नेपालगञ्ज, बाँके ।
श्री कोहलपुर नगरपालिकाको कार्यालय, बाँके ।
श्री राप्ती सोनारी गाउँपालिकाको कार्यालय, बाँके ।
श्री नरैनापुर गाउँपालिकाको कार्यालय, बाँके ।
श्री डुडुवा गाउँपालिकाको कार्यालय, बाँके ।
श्री बैजनाथ गाउँपालिकाको कार्यालय, बाँके ।
श्री खजुरा गाउँपालिकाको कार्यालय, बाँके ।
श्री जानकी गाउँपालिकाको कार्यालय, बाँके ।

२०७७ साल (सन् २०२०) मा साउदी अरबको मक्का मदिनामा हज गर्न चाहने इच्छुक नेपाली मुस्लिम धर्मावलम्बी (मुसलमान) हरूको लागि गृह मन्त्रालय नेपाल हज समितिको सचिवालय सिंहदरवार, काठमाण्डौंको च.नं. ८० मिति २०७६।०८।०१ गतेको हज आवेदन सम्बन्धको सूचना पाना २(दुई) यसै पत्र साथ संलग्न राखी आवश्यक प्रचार प्रसारको लागि पठाईएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७६/०८/०३
अमरराज सेजुवाल
प्रशासकीय अधिकृत



नेपाल सरकार
गृह मन्त्रालय

## नेपाल हज समितिको सचिवालयको सूचना

२०७७ साल (सन् २०२०) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुले देहाय अनुसारका कागजातहरु संलग्न राखी मिति २०७६ साल मंसिर ०१ गते देखि २०७६ मंसिर ३० गतेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा रीतपूर्वकको आवेदन फाराम पेश गर्न नेपाल हज समितिको मिति २०७६/०६/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। हज आवेदकले भर्ने फाराम गृह मन्त्रालयको वेभसाइट http://www.moha.gov.np मा गई Excel File डाउनलोड गरी Entry Sheet मा विवरण भरी Print Sheet बाट Print गर्न सकिनेछ। साथै गत वर्ष सन् २०१९ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई पहिलो प्राथमिकतामा राखी बाँकी आवेदकहरु मध्ये पहिले आवेदन गर्ने व्यक्तिलाई दोश्रो प्राथमिकताको पहिलो स्थान दिइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१ थान
२. सक्कलै राहदानी (MRP) -१ थान
३. राहदानीको प्रतिलिपी -१ थान
(राहदानी वाहकको पूर्ण विवरणः नाम, ठेगाना, जन्म मिति, लिङ्ग तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए/नभएको एकीन भएको)
४. हवाई टिकट र साउदी अरबमा लाग्ने घरभाडा, परिवहन खर्च, मौल्लिम दस्तुर र मक्कामा खाना खर्च एकीन भए पछि थप रकम पुनः दाखिला गर्ने गरी हाललाई राष्ट्रिय वाणिज्य बैंक, सिंहदरवार शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ११३०००० ३९६०१ वा सनराईज बैंक पुतलीसडक शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ०२२०५२०६१३७०१००१ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक वा सनराईज बैंकको कुनै पनि शाखाबाट रु. १,२५,०००।- (एक लाख पच्चिस हजार मात्र) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदक) को नाम र पासपोर्ट नं. उल्लेख गरेको सक्कलै भौचर -१ थान
५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो -४ प्रति
(फोटोको पछाडि नउड्ने मसीले नाम, पासपोर्ट नं. र ठेगाना अनिवार्य उल्लेख गरेको हुनुपर्ने)
६. महिला आवेदकको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भई हज गर्न जाने निजका (पति, बुवा, दाजु, भाई, छोरा वा छोरीज्वाई मध्ये कुनै एकसँग) नाता खुल्ने कागजात र राहदानीको प्रतिलिपी समेत -१/१ प्रति

सदस्य सचिव

७. राहदानी (MRP) नबनाएका व्यक्तिले जिल्ला प्रशासन कार्यालयमा समयमै सम्पर्क गरी राहदानी (MRP) बनाई निवेदन पेश गर्नु पर्नेछ। जिल्ला प्रशासन कार्यालयहरुले पनि हजयात्रीहरुको राहदानी बनाउन प्राथमिकता दिई सहयोग गरी दिनु पर्नेछ ।
८. ३ (तीन) बर्ष भित्र हज गर्न नगएको व्यक्ति हुनुपर्नेछ ।
९. ७५ बर्ष भन्दा माथिको व्यक्ति आवेदक भएमा निजको साथमा १ जना सहयोगी व्यक्ति राख्नुपर्ने (अशक्त र रोगी भएको व्यक्ति नहुनु पर्नेछ)

पुनश्चः गत वर्ष हज गर्न जान नपाएका २२० जना हजयात्रीहरुले सन् २०२० मा हज गर्न चाहेमा निजले रकम फिर्ता नलिएको भए एक प्रति फाराम, भौचरको प्रतिलिपी र २ प्रति फोटोका साथ आफु हज गर्न जान चाहने व्यहोरा उल्लेख गरिएको निवेदन संलग्न राखी जिल्ला प्रशासन कार्यालयमा पुनः आवेदन गर्नु पर्नेछ । पुनः आवेदन नदिएका व्यक्तिलाई हजयात्रामा समावेश नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

थप जानकारीका लागि
नेपाल हज समितिको सचिवालय
बबरमहल काठमाण्डौं ।
फोन नः-०१४-२२३८८५, ०१४-२२३९१९

२०७६/८/१
सदस्य सचिव